SWC Regd. No.: 9882
समाज कल्याण परिषद आवद्धता नं. ९८८२

Govt. Regd. No.: 643/053/054 Lalitpur
स.द.नं. ६४३/०५३/०५४ ललितपुर

# Group of Helping Hands (SAHAS) Nepal
# सहयोगी हातहरूको समूह (सहास) नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सहयोगी हातहरुको समूह (सहास नेपाल) सन् १९९६ मा स्थापना भएको गैरसरकारी संस्था हो। सहास नेपालले २१ जिल्लामा दिगो कृषि तथा खाद्य सुरक्षा, जलवायु परिवर्तन र शिक्षा क्षेत्रमा विविध कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गर्दै आएको छ।

सहास नेपालले सिराहा जिल्लाको अर्नमा र विष्णुपुर गाउँपालिकामा शिक्षा परियोजना सञ्चालन गर्ने तयारीमा छ। यस परियोजनाको उद्देश्य सिराहा जिल्लामा बालबालिकाका लागि समावेशी शैक्षिक वातावरणमार्फत शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु र अभिभावकहरूको जीविकोपार्जनमा सुधार ल्याउनु हो। सहास नेपालले सिराहा जिल्लामा आधारित रहेर शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन हुने यस शिक्षा परियोजनामा काम गर्न देहायका पदहरूका लागि ऊर्जाशील, प्रतिबद्ध र सिर्जनशील उम्मेदवारहरू खोजिरहेको छ।

### १. पदः शिक्षा सहजकर्ता

**आवश्यक संख्याः २**

**शैक्षिक योग्यता र अनुभव**

- न्यूनतम प्रवीणता प्रमाणपत्र (आई.ए./१०+२) तह उत्तीर्ण; शिक्षा, सामाजिक कार्य, विकास अध्ययन, समाजशास्त्र वा सम्बन्धित विषयमा स्नातक तह हासिल गरेको उम्मेदवारलाई प्राथमिकता दिइनेछ।
- सामुदायिक परिचालन, शिक्षा, बाल विकास, सामाजिक विकास वा विकास आयोजनाहरूमा कम्तीमा १ वर्षको सान्दर्भिक कार्य अनुभव।
- विद्यालय, शिक्षक, अभिभावक, बालबालिका/किशोरकिशोरी, सामुदायिक समूह र स्थानीय सरकारका सरोकारवालाहरूसँग काम गरेको अनुभव भएको।
- ग्रामीण तथा सीमान्तकृत समुदायमा काम गरेको अनुभव, विशेषगरी मधेश प्रदेश वा त्यस्तै भौगोलिक तथा सामाजिक-सांस्कृतिक परिवेशमा काम गरेको अनुभव भएमा प्राथमिकता दिइनेछ।
- सामुदायिक समूह, तालिम, अभिमुखीकरण, बैठक र क्षमता अभिवृद्धि सम्बन्धी गतिविधिहरू सहजीकरण गरेको अनुभव।
- उत्कृष्ट सहजीकरण, सञ्चार, समन्वय, सञ्जाल निर्माण गर्ने सीप।
- राम्रो प्रतिवेदन लेखन र अभिलेखीकरण सीप, साथै MS Word Excel लगायतको आधारभूत कम्प्युटर ज्ञान।
- सामुदायिक सहभागिता, समावेशीकरण, बाल अधिकार, लैंगिक समानता र गुणस्तरीय शिक्षाप्रति उच्च प्रतिबद्धता।
- मैथिली भाषा बोल्न सक्नेलाई प्राथमिकता दिइनेछ।

**प्रमुख जिम्मेवारीहरू**

**सामुदायिक परिचालन र समूह सुदृढीकरण**

- गुणस्तरीय शिक्षा र जीविकोपार्जनमा सुधार प्रवर्द्धन गर्न अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, महिला स्वास्थ्य स्वयंसेविका, युवा, सामुदायिक समूह, स्थानीय अगुवा र अन्य सरोकारवालाहरूसँग नजिकबाट काम गर्ने ।
- सामुदायिक समूहहरूको गठन, सुदृढीकरण र संस्थागत विकासमा सहजीकरण गर्ने ।
- शिक्षा सुधार र सामुदायिक विकास पहलहरूमा सामुदायिक स्वामित्व र सहभागितालाई प्रोत्साहन गर्ने ।

**शिक्षा र विद्यालय सहयोग**

- विद्यालय भर्ना, उपस्थिति, टिकाउ, सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरसँग सम्बन्धित चुनौतीहरू सम्बोधन गर्न विद्यालय र स्थानीय सरोकारवालाहरूलाई सहयोग गर्ने ।
- बालमैत्री, समावेशी, लैंगिक उत्तरदायी र सहभागितामूलक शैक्षिक दृष्टिकोणलाई प्रवर्द्धन गर्ने ।
- शिक्षा सुधार योजना तथा परियोजना कार्यान्वयन गर्न विद्यालय र समुदायलाई सहयोग गर्ने ।

**फिल्ड कार्यान्वयन र समन्वय**

- कार्यान्वयनका चुनौतीहरू पहिचान गरी परियोजना टोली, विद्यालय, समुदाय, स्थानीय सरकार तथा अन्य सरोकारवालाहरूबीच प्रभावकारी सञ्चार कायम गर्दै समयमै आवश्यक कार्य गर्न सहजीकरण गर्ने ।
- परियोजना कार्यान्वयनमा सहयोग पुर्‍याउन सम्बन्धित सरकारी कार्यालय, विद्यालय, सामुदायिक संस्था र स्थानीय सरोकारवालाहरूसँग समन्वय गर्ने ।

**अनुगमन, अभिलेखीकरण र प्रतिवेदन**

- परियोजनाका गतिविधिहरूको अनुगमन, प्रगति मूल्याङ्कन र लाभग्राही तथा सरोकारवालाहरूबाट प्रतिक्रिया सङ्कलन गर्न नियमित फिल्ड भ्रमण गर्ने ।
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदनका उद्देश्यले फिल्ड गतिविधि, सहभागी, उपलब्धि, चुनौतीहरूको उचित अभिलेख सङ्कलन गर्ने ।
- तथ्याङ्क सङ्कलन, प्रमाणीकरण, अनुगमन र अभिलेखीकरणमा सहयोग गर्ने ।

## २. पदः कृषि प्राविधिक

**आवश्यक संख्याः २**

**शैक्षिक योग्यता र अनुभव**

- कृषितर्फको डिप्लोमा ।
- कृषि विस्तार, जलवायु अनुकूल कृषि, सामुदायिक परिचालन, कृषि उत्पादन वा सम्बन्धित विकास आयोजनाहरूमा कम्तीमा १ वर्षको सान्दर्भिक कार्य अनुभव भएमा प्राथमिकता दिइनेछ ।
- बाली उत्पादन, तरकारी खेती, माटो व्यवस्थापन, पशुपालन, जलवायु अनुकूल कृषि, किसान तालिम, किसान समूह, समुदाय, विद्यालय र स्थानीय सरकारसँग काम गर्ने सम्बन्धमा राम्रो प्राविधिक ज्ञान र व्यावहारिक अनुभव ।
- उत्कृष्ट सहजीकरण, सञ्चार, समन्वय गर्ने सीप ।
- सामुदायिक सहभागिता र समावेशीकरणप्रति उच्च प्रतिबद्धता ।
- MS Word Excel को राम्रो कम्प्युटर सीप र आधारभूत प्राविधिक प्रतिवेदन तयार गर्न सक्ने क्षमता ।

**प्रमुख जिम्मेवारीहरू**

**कृषि प्राविधिक**

- बाली उत्पादन, तरकारी खेती, पशुपालन व्यवस्थापन, दिगो तथा जलवायु अनुकूल कृषि र कृषि प्रविधिहरूबारे किसान र सामुदायिक समूहहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने र तालिम सहजीकरण गर्ने ।
- मौसमी खेतीको योजना र कार्यान्वयनमा किसान तथा समूहहरूलाई सहयोग र तालिम दिने, र उपयुक्त कृषि प्रविधि तथा उत्कृष्ट अभ्यासहरूको प्रदर्शन गर्ने ।
- जलवायु अनुकूल कृषि, खाद्य सुरक्षा, पोषणमैत्री कृषि र दिगो कृषि अभ्यासहरूबारे विद्यालय र समुदायलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।
- कृषि, शिक्षा, पोषण, खाद्य सुरक्षा, जीविकोपार्जन र जीवनोपयोगी सीपबीचको अन्तरसम्बन्ध प्रवर्द्धन गर्ने ।

**सामुदायिक समूह गठन र क्षमता विकास**

- सामुदायिक समूह तथा किसान समूहहरूको संस्थागत क्षमता, नेतृत्व, योजना, अभिलेख राख्ने र निर्णय लिने सीप विकास गर्न तिनीहरूको गठन र सुदृढीकरणमा सहजीकरण गर्ने ।
- सामुदायिक समूहहरूले तयार गरेका कृषिसम्बन्धी योजनाहरूको निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने ।

**समन्वय**

- स्थानीय कृषि कार्यालय, पशु सेवाँ कार्यालय, वडा कार्यालय, गाउँपालिक, कृषि सेवा प्रदायक, सहकारी, किसान समूह र अन्य सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गर्ने ।
- वडा तहका र स्थानीय सरकारका निकायहरूसँग प्रभावकारी कार्य सम्बन्ध स्थापना र कायम राख्ने ।
- उपयुक्त भएमा सामुदायिक समूह र सम्बन्धित सरकारी कृषि विस्तार सेवा, प्राविधिक संस्था, बजार र सेवा प्रदायकहरूबीच सम्पर्क/अन्तरसम्बन्ध सहजीकरण गर्ने ।

**अनुगमन, अभिलेखीकरण र प्रतिवेदन**

- कार्यान्वयनपछि कृषिसम्बन्धी गतिविधि, तालिम, फिल्डको नियमित अनुगमन गर्ने ।
- अनुगमन र फिल्ड भ्रमणपछि प्रगति, चुनौती, सिकाइ र सिफारिसहरू समेटी स्पष्ट र समयमै प्रतिवेदन तयार गर्ने ।
- तालिम प्राप्त किसान/समूह, प्रदर्शन गरिएका प्रविधि, पुगेका लाभग्राही र हासिल भएका नतिजाहरूको अभिलेख राख्ने ।

**आवेदन प्रक्रियाः** यस पदमा आवेदन दिन चाहने इच्छुक नेपाली नागरिक भएका उम्मेद्धवारहरुले आवेदन पत्र फोन नं समेतको व्यक्तिगत विवरण (बायोडाटा) सहित सहास नेपालको ईमेल ठेगानाः **sahasnepalvacancy@gmail.com** मा मिति **२०८३ भाद्र २० ( ५ सेप्टेम्बर २०२६) गते ५:००** वजे भित्र पेश गरिसक्नु पर्नेछ ।

**नोटः** सम्वन्धित नगर तथा गाउँपालिका र जिल्लाका स्थानीय महिला, दलित तथा पिछडिएका वर्गहरुलाई प्राथमिकता दिइने छ । छोटो सुचि छनौटमा परेका निवेदकहरुलाई मात्र छनौट प्रकृयामा सहभागि गराइने छ । छनौट गर्ने सम्पूर्ण अधिकार सम्बन्धित सँस्थामा निहित रहने छ ।

*("सहास नेपाल सूरक्षण नीति अवलम्वन गर्दै घुसखोरी, दूरुपयोग, छलकपट, जालसाभी रहित स्वच्छ संस्थाप्रति प्रतिवद्धता गर्दछ ।")*

सहयोगी हातहरुको समूह (सहास) नेपाल
सहास-नेपाल
SAHAS NEPAL
GROUP OF HELPING HANDS-NEPAL
20 YEARS WITH COMMUNITY